नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# कोशी अस्पताल

बिराटनगर email-hospitalkoshi@gmail.com

**बिषयः-** शिलबन्दी दरभाउपत्र आब्हानको सूचना सम्बन्धमा ।

सूचना प्रकाशन मितिः-२०७८।१२।०९

यस कोशी अस्पताललाई आवश्यक तपशिल बमोजिमको निर्माण कार्यहरु गर्नु पर्ने भएको हुँदा इच्छुक फर्महरुको जानकारीको लागी यो १५ (पन्ध्र दिने) शिलवन्दी दरभाउपत्रको सूचना सरोकारवाला सबैको जनकारीको लागी प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस अस्पतालको सूचना पाटी तथा अस्पतालको वेवसाईटमा हेर्नु हुन अनुरोध छ ।

तपशिल

१. यो सुचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र रु. १,०००।०० यस अस्पतालको केन्द्रीय काउण्टरमा बुझाएको रसिद (पछी फिर्ता नहुने गरी) संलग्न गरी आ.ब.२०७७।०७८ सम्मको नबिकरण भएको संबन्धित बिषयमा कारोबार गर्न इजाजत पाउने फर्म वा फर्म दर्ता प्रमाणपत्र,नागरिकताको प्रमाणपत्र,आयकर दर्ता प्रमाणपत्र, आ.ब.२०७७।०७८ सम्मको नबिकरण प्रमाणपत्र नोटरी प्रमाणित संलग्न राखी स्वयं उपस्थित भई वा प्रतिनिधि मार्फत खरिद कार्यमा अयोग्य नभएको,स्वार्थ नबाझिएको र ब्यबसाय सम्बन्धि कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको ब्यहोरा खुल्ने निबेदन दर्ता गराई दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२।०० बजे भित्र यस अस्पतालको प्रशासन शाखामा दर्ता गराई सक्नु पर्ने छ । बोलपत्र हुलाक कुरियर मार्फत पनि निर्धारित समय भित्र दर्ता गराउन सकिने छ ।म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु सोहि दिन दिनको २।०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस अस्पतालमा खोलिने छ ।दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नरहेमा पनी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने छ ।

४. दरभाउपत्र पेश गर्दा खामको बाहिर यस अस्पतालको नाम संबोधन गरि बोलपत्र, कामको बिबरण तथा नाम खुलाई शिलबन्दी गरि पेश गर्नु पर्ने छ ।

५. दरभाउपत्रदाताले दरभाउपत्र जमानत वापत नगद जमानत भए को.ले.नि.का. बिराटनगरको कृषि बिकास बैक हिमालयरोड स्थित धरौटी हि.नं ख ३ -०६०१६०१०१४०७००४५ कार्यालय कोड नं ३७०००१३०१ मा जम्मा गरेको सक्कलै बैक भौचर बोलपत्र साथ सम्लग्न राख्नु पर्ने छ र वैक जमानत भए कम्तिमा १२० दिन म्याद अवधी भएको वाणिज्य वैंक (क श्रेणी) वाट यस अस्पतालको नाममा जारी भएको वैंक जमानत (विड वण्ड) वेलपत्रसाथ संलग्न राख्नु पर्ने छ

निमित्त प्रमुख मेडिकल सुपरिटेण्डेण्ट

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
कोशी अस्पताल विराटनगर
मोरङ

६. दरभाउपत्रदाताले आफुले कवोल गरेको प्रत्येक आइटमहरुको मु.अ.कर वाहेकको दररेटलाई अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७.दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा केरमेट गरेको,टिपेक्स लगाएको स्थानमा सहीछाप नगरेको,दरभाउपत्र फारमको फोटोकपी गरी पेश गरेको यस अस्पतालवाट विक्री भएको दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको तर्फवाट पेश गरेको वा आफ्नो तर्फवाट कुनै शर्त राखी पेश गरेको दरभाउपत्र फारमलाई मान्यता दिईने छैन। साथै म्याद नाघी र रित नपुगी प्राप्त वोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहने छ ।

९.दरभाउपत्र स्वीकृर्त भई कार्यालयले जारी गरेको कार्यादेश बमोजिम निर्माण कार्य गर्नु पर्ने छ ।

१०. निर्माण कर्ताले समयमा निर्माण कार्य सम्पन्न गर्न नसकेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) बमोजिम कारवाही हुनेछ ।

११. यो सुचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद ऐन नियमावली २०६४ (संसोधन सहित) तथा अन्य प्रचलिच कानून वमोजिम हुनेछ ।

तपिशल

| ठे.न. | कामको विवरण | ~~बोलपत्र~~ दरभाउ जमानत | ~~बोलपत्र~~ दरभाउ फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०१ | बिधुत पावर हाउस र जेनेरेटर राख्ने टहरा निर्माण | रु.७५,०००।०० | रु.१,०००।०० | |

डा.यज्ञराज खरेल
नि.प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट

निमित्त प्रमुख मेडिकल सुपरिटेन्डेन्ट